जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १४० २०७९ साल पुस १७ गते आइतबार (1 Jan. 2023 Sunday) मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : एमडिएमएस तत्काल ... ३ पृष्ठमा : खाडी क्षेत्रको एक तिहाइ ... ३ पृष्ठमा :भाखा नाघेको कर्जा बुझाउने बोर..

## जनमत पार्टीको संसदीय दलको नेतामा महेश यादव



**दैनिक समाचारदाता**
**राजबिराज, १६ पुस ।**

जनमत पार्टीको मधेश प्रदेश सभा संसदीय दलको नेतामा महेशप्रसाद यादव चयन भएका छन् ।

जनमत पार्टीको शनिबार बसेको बैठकले प्रदेशसभा सदस्यमा यादवलाई सर्वसम्मतले संसदीय दलको नेतामा चयन गरेको हो ।

उनी सप्तरी क्षेत्र नं. २ को २ बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् ।

यस्तै संसदीय दलको प्रमुख सचेतकमा चन्दनकुमार सिंह, सचिवमा शम्भु साह र कोषाध्यक्ष भाग्यश्री कुमारी चौधरी चयन भएका छन् ।

मधेश प्रदेशसभामा सप्तरीबाट चार तथा सिरहाबाट दुई जना गरि प्रत्यक्षमा ६ र समानुपातिकतर्फ ७ जना गरि जनमत पार्टीको १३ जना प्रदेशसभा सदस्य रहेका छन् ।

## पिसल्याण्ड डबल राउन्ड रोविन क्रिकेटको बिजेता

**दैनिक समाचारदाता**
**राजबिराज, १६ पुस ।**

अन्तरविद्यालय डबल राउण्ड रोविन क्रिकेट प्रतियोगिताको बिजेता पिसल्याण्ड विद्यालय भएको छ ।

शनिबार सम्पन्न फाइनल खेलमा पिसल्याण्डले लिटिल एन्जलस विद्यालयलयाई पराजित गर्दै बिजेता भएको हो ।

पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालयको खेल मैदानमा भएको अन्तिम प्रतिस्पर्धामा लिटिल एन्जलसलाई ५० रनले पराजित गर्दै पिसल्याण्डले उपाधि जित्यो ।

टस जितेर ब्याटिङ्ग रोजेको पिसल्याण्डले निर्धारित २० ओभरको खेलमा ७ विकेट गुमाउँदै १ सय ५४ रनको चुनौती पेश गरेको थियो । १ सय ५५ रनको बिजय लक्ष्य पछ्याएको लिटिल एन्जेलसले १५ ओभरमा सबै बिकेट गुमाएर १ सय ४ रन मात्र बनाउन सक्यो ।

फाइनल खेलको म्यान अफ द म्याच बिजेता पिसल्याण्डका मनु दास घोषित भए । यस्तै




प्रतियोगिताको उत्कृष्ट ब्याटर क्रिकेट विकास प्रतिष्ठानका विशाल यादव, वेष्ट बोलर लिटिल एन्जेलसका शिव दास र म्यान अफ द सिरिज लिटिल एन्जेलसकै कर्ण बहादुर बिक चुनिए ।

प्रतियोगिता समाप्ति पछि आयोजक क्रिकेट बिकास प्रतिष्ठान राजबिराजका अध्यक्ष ईन्द्र नारायण देबको अध्यक्षतामा आयोजित समापन समारोहमा प्रमुख अतिथि राजबिराज नगरपालिकाकी कार्यवाहक प्रमुख ईशरत प्रवीण, जिल्ला क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठ, एम्पायर तथा स्कोरर संघका जिल्ला अध्यक्ष निरज सिंह, स्कोरर शम्भु दास, नेपाल खेलकुद पत्रकार मञ्चका जिल्ला अध्यक्ष मनोज कुमार माझी, समाजसेवी गोविन्द कावरा, रमेश शारदा, अरुण शारदा लगायतले बिजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरे ।

## बुस्टर खोपका लागि 'गाभी'लाई सरकारको पत्र

काठमाडौं, १६ पुस (रासस) ।

सरकारले छिमेकी देशमा कोरोना भाइरसका सङ्क्रमण बढिरहेकाले अतिरिक्त मात्रा (बुस्टर डोज)का लागि खोप ल्याउने प्रक्रिया सुरु गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुस्टर डोजका लागि खोप ल्याउन 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स 'गाभी'लाई पत्र लेखेको छ । स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको खोप शाखाका प्रमुख सागर दाहालले बिहीबार १५ लाख खोपका लागि 'गाभी' लाई पत्र पठाइएको जानकारी दिनुभयो ।

गाभीले कोभ्याक्स सुविधामार्फत् नेपाललाई खोप उपलब्ध गराउनेछ । "कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि बुस्टर खोप लगाउन खोप ल्याउनका लागि हिजो कोभ्याक्सलाई पत्र लेखेका छौं", उहाँले भन्नुभयो, "यही पुसको तेस्रो हप्तामा कोभ्याक्सले खोप पठाउने जानकारी दिन्छ ।"

उहाँले खोपबारे जानकारी प्राप्त भइसकेपछि चाँडै नै खोप नेपाल ल्याउने बताउनुभयो । सरकारले बुस्टर डोजका लागि मात्र प्रयोग हुने फाइजर खोप ल्याउन थालेको हो । औषधि व्यवस्था विभागले बुस्टर डोजका लागि मात्र प्रयोग गरिने भएकाले 'आकस्मिक अनुमति प्रयोग' पत्र दिएपछि खोप शाखाले कोभ्याक्सलाई पत्र पठाएको हो ।

विभागका प्रवक्ता सन्तोष केसीले बुस्टर डोजका लागि मात्र प्रयोग गर्न मिल्ने भएकाले परिवार कल्याण महाशाखाको खोप शाखालाई अनुमतिका लागि पत्र दिएको जानकारी दिनुभयो ।

"बुस्टर डोजका लागि मात्र प्रयोग गर्न मिल्ने भएकाले विभागले अनुमति दिएको हो", उहाँले भन्नुभयो, "बुस्टर डोजका लागि ल्याउन थालेको खोप नियमित खोपभन्दा फरक भएकाले अनुमति दिनुपरेको हो ।"

छिमेकी मुलुक भारत र चीनमा बि एफ ७ नामक प्रजातिको नयाँ भेरियन्ट फैलिन थालेपछि मन्त्रालयले बुस्टर खोप लगाउन छुटेका सबैलाई खोप लगाउन आग्रह गरेको छ । यस्तै मन्त्रालयले सङ्क्रमणबाट जोगिन अनिवार्य मास्क प्रयोग गर्न, भौतिक दूरी कायम गर्न, साबुनपानीले हात धुन वा सेनिटाइजर नियमित प्रयोग गर्नसमेत आग्रह गरेको छ ।

**जग्गा बिक्रिमा**

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा बिक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं. ०३१-५३०४३४**

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### स्वास्थ्य सेवा क्षेत्रमा सुधार आवश्यक

सप्तरी जिल्लाको स्वास्थ्य सेवामा सुधारको आवश्यकता रहेको छ । यहाँस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा दक्ष चिकित्सकको अभावमा सेवा प्रभावित हुदै आएको छ । विभिन्न आधुनिक उपकरणका बाबजुद यहाँ भरपर्दो सेवाको अभाव रहेको छ । विगत दुई वर्षअघि अस्पताल सुधारोन्मुख अवस्थामा पुगेको थियो । यहाँ दक्ष चिकित्सकका साथै सेवा पनि गुणस्तरिय थियो । तर अहिले पुन यस अस्पतालको सेवा खस्किदो छ । यहाँ निर्धक्क साथ उपचार गराउन बिरामीहरु आलटाल गर्ने गरेका छन् । विगतमा रेफरल सेन्टरका रुपमा चिनिदै आएको यो अस्पताल केही वर्ष यस छबिलाई सुधारेको थियो । तर अहिले पुनः पुरानै अवस्थामा पुगेको छ ।

यस बाहेक जिल्लामा अहिले पनि गुणस्तरिय स्वास्थ्य सेवाको अभाव रहेको छ । विभिन्न जटिल रोगहरुको उपचार यस जिल्लामा सम्भव छैन् । अन्य प्राइभेट अस्पतालहरुले पनि गुणस्तरीय सेवा दिन तत्परता देखाएपनि अधिकत्तम उपलब्धी हासिल गरेको अवस्था छैन् । अहिले पनि धरान, विराटनगर, काठमाडौं देखि भारतका विभिन्न अस्पतालसम्म बिरामीहरु पुग्ने गरेका छन् ।

यसरी सप्तरीको स्वास्थ्य सेवाको अवस्थामा गुणात्मक रुपमा कमजोर रहेपनि यसमा सुधारको अवस्था प्रसस्त रहेको छ । अस्पताल प्रशासनले दक्ष चिकित्सकहरुलाई परिचालन गरेर यसलाई सुधार गर्नुका साथै मानिसहरुले आफ्नो मानसिकतामा परिवर्तन गर्नु पनि उत्तिकै जरुरी छ । अनि मात्र यहाँको स्वास्थ्य क्षेत्रले फड्को मार्ने कुरामा दुईमत नहोला ।

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# एमडिएमएस तत्काल कार्यान्वयनमा नआउने

काठमाडौं, १६ पुस (रासस) ।

नेपाल दूरसञ्चार प्राधिकरणले अवैध फोन नियन्त्रण गर्ने प्रविधि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) तत्काल लागू नगर्ने स्पष्ट पारेको छ । प्राधिकरणले शुक्रबारदेखि उक्त सिष्टम लागू गर्ने तयारी गरेको थियो । चौतर्फी रुपमा उक्त निर्णयको विरोध भएपछि सरकारले तत्कालका लागि एमडिएमएस लागू नगर्ने भएको हो ।

वैदेशिक रोजगारीमा रहेका नागरिक र सामाजिक सञ्जालमा चर्को आलोचना भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले उपप्रधान एवम् अर्थमन्त्री विष्णु पौडेललाई तत्काल उक्त निर्णय कार्यान्वयन नगर्न निर्देशन दिनुभएको हो । प्रधानमन्त्रीको निर्देशन लगत्तै प्राधिकरणले पनि उक्त निर्णय तत्कालका लागि स्थगत भएको र विदेशबाट आउनेले थप एउटा मोबाइल ल्याउन पाउने व्यवस्था कायमै रहेको जनाएको छ ।

प्रधानमन्त्री दाहालले शुक्रबार उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई नेपाली श्रमिकले विदेशबाट फर्कंदा ल्याउन पाउने मोबाइलका सम्बन्धमा गरिएको यसअघिको सरकारको निर्णय कार्यान्वयन नगर्न निर्देशन दिनुभएको प्रधानमन्त्रीका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिनुभयो ।

मुलुकको अर्थतन्त्रको आधारका रुपमा रहेको विप्रेषण आप्रवाहमा नै समस्या आउने र सामाजिक सञ्जालमा ‘नो रेमिट्यान्स’ लगायतमा अभियान नै चल्न थालेका थिए । विदेशमा रहेका नेपालीले संस्थागत रुपमा नै सरकारको निर्णयप्रति विरोध जनाएका थिए ।

प्रधानमन्त्रीको निर्देशनपछि प्राधिकरणले एमडिएमएस तत्कालका लागि स्थगित गरेको छ । प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले अब पूर्ववत् अवस्था नै कायम रहेको जानकारी दिनुभयो ।

“प्रधानमन्त्रज्यूले नै तत्काल एमडिएमएस लागू नगर्न निर्देशन दिनुभयो, उहाँको निर्देशनपछि शुक्रबारदेखि हामीले एमडिएमएस स्थगन गर्‍यौं”, उहाँले भन्नुभयो, “अब थप निर्देशन आएपछि प्रक्रिया अगाडि बढाउँछौं ।”

विदेशबाट एकथान मोबाइल ल्याउँदा सरकारले १८ प्रतिशतसम्म कर लिन लागेको भन्दै वैदेशिक रोजगारीमा रहेका नेपालीले चर्को विरोध गरेका थिए । सर्वत्र विरोध भएपछि तत्काल एमडिएमएस स्थगित गरेर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले पनि पुरानै नियम लागू गरेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले सरकारको निर्देशनपछि विदेशबाट ल्याइएको माबाइल फोन भन्सार विन्दुमा नै प्रज्ञापनपत्र लिनुपर्ने व्यवस्था लागू नहुने स्पष्ट पारेको छ ।

विमानस्थल भन्सार कार्यालयका प्रमुख अरुण पोखरेलले भन्सारमा पुरानै नियम लागू भएको जानकारी दिनुभयो । “हाम्रो तयारीअनुसार शुक्रबारदेखि विदेशबाट आउनेले चलाएको फोनको स्वघोषणा गरी निःशुल्क प्रज्ञापनपत्र लिने र दोस्रो मोबाइलको भन्सार शुल्क तिरेर मात्रै प्रज्ञापनपत्र लिने व्यवस्था कार्यान्वयन गर्ने थियो, तर सरकारको निर्देशन आएपछि पुरानै नियम लागू गरिसकेका छौँ”, उहाँले भन्नुभयो ।

वैदेशिक रोजगार विभागका अनुसार ६० लाख बढी नेपालीले श्रम स्वीकृति लिएर विदेसिएका छन् । उनीहरूले पठाउने विप्रेषणका आधारमा मुलुकको अर्थतन्त्र चलायमान भइरहेको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार चालू आवको चार महिनामा कूल तीन खर्ब ७८ अर्ब चार करोड बराबरको विप्रेषण आप्रवाह भएको छ । सो अवधिमा एक लाख ९५ हजार एक सय ९६ जना नेपालीले श्रम स्वीकृति लिएका छन् । कूल ग्रार्हस्थ्य उत्पादनको तुलनामा सबैभन्दा धेरै विप्रेषण भित्रचाउने देशको सूचीमा नेपाल शीर्ष स्थानमा छ । यस्तो अवस्थामा सरकारी निकायले बिना अध्ययन सानो निर्णय गर्दा पनि त्यसबाट ठूलो प्रभाव पर्ने देखिन्छ ।

**दर्ताबाहिर ३६ लाख फोन**

विदेशबाट ल्याइएको मोबाइल फोन दर्ताका लागि पछिल्ला दिनमा प्राधिकरणमा भीड नै लाग्ने गरेको थियो । अनलाइन तथा व्यक्ति स्वयम् उपस्थित भएर एमडिएमएस लागू गर्न सकिने व्यवस्था पछि दर्ता गर्नेको भीड लाग्ने गरेको प्राधिकरणले जनाएको थियो ।

प्राधिकरणले मिति नै तोकेर (पुस १५ गतेदेखि) अवैध फोन नेपालमा नचल्ने उद्घोष गरेपछि पछिल्लो समय दर्ताका लागि आवेदन दिनेको सङ्ख्यामा वृद्धि हुन थालेको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिनुभयो । प्राधिकरणको तथ्याङ्कअनुसार गत असोज १ देखि पुस १२ गतेसम्म आवेदन आएकामध्ये ३६ लाख मोबाइल फोन दर्ता हुन सकेका छैनन् ।

प्राधिकरणले मागेको आवश्यक कागजात बुझाउन नसक्दा ३६ लाखभन्दा बढी मोबाइल फोन एमडिएमएस दर्ता हुन नसकेको उहाँको भनाइ छ । उहाँका अनुसार गत असोज १ गतेदेखि हालसम्म १४ हजार नौ सय २८ थान मोबाइल सेट एमडिएसमएसमा दर्ता भएका छन् ।

## विश्व समाचार

### खाडी क्षेत्रको एक तिहाइ जनसङ्ख्या गरिबीको चपेटामा

बेरूत, १६ पुस (रासस/सिन्ह्वा) ।

अरब क्षेत्रको एक तिहाइ अर्थात् १३ करोड जनसङ्ख्या गरिबीको रेखामुनि रहेको अध्ययनले देखाएको छ । संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक आयोग (इएससीडब्लुए) ले शुक्रबार सार्वजनिक गरेको एक सर्वेक्षणले खाडी सहयोग परिषद् (जीसीसी) सदस्य राष्ट्र र लिबियाबाहेक अरब क्षेत्रको एक तिहाइ जनसङ्ख्या गरिबीबाट प्रभावित गरेको जनाएको छ ।

“अरब क्षेत्रमा आर्थिक र सामाजिक विकासको सर्वेक्षण’ नाम दिइएको उक्त प्रतिवेदनमा भनिएको छ, “राष्ट्रिय गरिबीको रेखामा मापन गरिएको गरिबीले अरब मुलुकका १३ करोड मानिसलाई असर गरेको छ । सर्वेक्षणले आगामी दुई बर्षमा गरिबीको स्तर अझ बढ्ने र सन् २०२४ सम्ममा ३६ प्रतिशत जनसङ्ख्यामा पुग्ने अपेक्षा गरेको छ ।

यसबाहेक, अरब क्षेत्रमा सन् २०२२ मा विश्वको सबैभन्दा उच्च बेरोजगारी दर १२ प्रतिशत रहेको सर्वेक्षणले देखाएको छ । कोभिड-१९ पछिको आर्थिक पुनरूत्थान प्रयासका कारण सन् २०२३ मा ११.७ प्रतिशतमा झरेको छ । सन् २०२३ मा यस क्षेत्रको आर्थिक वृद्धिदर ४.५ प्रतिशत र सन् २०२४ मा ३.४ प्रतिशत रहने अनुमान गरिएको छ ।

सर्वेक्षणका प्रमुख लेखक अहमद मौम्मीले जीसीसी र अन्य तेल निर्यातक देशहरूले उच्च ऊर्जा मूल्यबाट लाभ उठाउन जारी राख्ने बताउनुभएको छ । तेल आयात गर्ने देशहरूले बढ्दो ऊर्जा लागत, खाद्य आपूर्तिको कमी र पर्यटन तथा अन्तर्राष्ट्रिय सहायता प्रवाह दुवैमा गिरावटसहित धेरै सामाजिक आर्थिक चुनौतीहरूको सामना गर्नेछन् । मौम्मीले तेल निर्यात गर्ने अरब देशहरूले समावेशी वृद्धि र दीगो विकास सिर्जना गर्ने परियोजनाहरूमा लगानी गरेर ऊर्जा क्षेत्रबाट टाढा आफ्नो अर्थव्यवस्थालाई विविधीकरण गर्नुपर्ने उल्लेख गर्नुभयो ।

### आतंककारी आक्रमणमा दश जना मरिए

दमास्कस, १६ पुस (रासस/सिन्ह्वा) ।

पूर्वी सिरियामा शुक्रबार ‘आतङ्ककारी’हरूको एक समूहले तेल मजदुरहरूको एक समूहको गाडीमा आक्रमण गर्दा १० जनाको मृत्यु भएको छ । घटनामा अन्य केही श्रमिक घाइते भएको सरकारी समाचार संस्था सानाले जनाएको छ ।

दैर अल-जौर प्रान्तको अल-तैयम तेल खानीमा कामदारले सिफ्ट परिवर्तन गरिरहेका बेला उक्त आक्रमण भएको सानाको रिपोर्टमा उल्लेख छ । आक्रमणकारीहरूले त्यस क्षेत्रको खराब मौसमको फाइदा उठाएका थिए ।

सिरियाको सरकारी समाचार संस्थाले पनि पूर्वी सिरियाका प्रमुख तेल र ग्यास खानीमा नियन्त्रण राखेको संयुक्त राज्य अमेरिकाले उक्त समूहलाई सहयोग गर्दै आएको उल्लेख गरिएको छ । सिरियाली सरकारले वासिङ्टनविरूद्ध अरब देशबाट तेल चोरेको, अवैध रूपमा आफ्नो भूभाग कब्जा गरेको र आफ्नो सीमाभित्र भाडाका सैनिक तथा आतङ्कवादी समूहलाई सहयोग गरेको आरोप लगाउँदै आएको छ ।

### ब्राजिलका राष्ट्रपति विदेश पलायन

ब्रासिलिया, १६ पुस (रासस/एएफपी) ।

ब्राजिलका निवर्तमान राष्ट्रपति जायर बोल्सोनारोले आफ्नो उत्तराधिकारीको सपथ लिनुभन्दा दुई दिनअघि र आफ्ना अनुयायीहरूलाई रुँदै बिदाइ गरेको केही समयपछि शुक्रबार अमेरिका पलायन हुनुभएको छ ।

उहाँले आफ्नो चुनावी हार स्वीकार्नुभएको छैन । उहाँले स्थानीय समयअनुसार अपराह्न २ :०० बजे वायु सेनाको विमानबाट अमेरिकाको फ्लोरिडाका लागि प्रस्थान गरेको विभिन्न सञ्चारमाध्यमले जनाएका छन् ।

सिएनएन ब्राजिलले बोल्सोनारोलाई उद्धृत गर्दै भनेको छ, “म उडिरहेको छु, म चाँडै फर्कनेछु ।”

‘एभिएसन ट्र्याकिङ वेबसाइट फ्लाइटअवेयर’का अनुसार उहाँको विमान स्थानीय समयअनुसार शनिबार राति ९ बजेपछि ओर्लान्डोमा अवतरण गरेको थियो ।

यसको अर्थ उहाँले आइतबारको सपथ ग्रहण समारोहमा भाग लिनुहुने छैन अर्थात् उहाँले नवनिर्वाचित राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भालाई पदभार हस्तान्तरण गर्नुहुने छैन ।

बोल्सोनारो प्राविधिक रूपमा थप दुई दिनका लागि राष्ट्रपति भने रहिरहनुहुनेछ । आरएनआर टेलिभिजनका अनुसार उहाँको कार्यकालमा उपराष्ट्रपति रहनुभएका ह्यामिल्टन मौराओ अहिले कार्यबाहक राष्ट्रपति रहनुभएको छ र उहाँले शनिबार देशबासीको नाममा सम्बोधन गर्नुहुनेछ ।

बोल्सोनारोको भ्रमणको समय र उद्देश्यबारे एएफपीले सोधेको प्रश्नको जवाफ राष्ट्रपतिले दिनचाहनुभएन ।

यसअघि शुक्रबार बोल्सोनारोले सामाजिक सञ्जालमा प्रत्यक्ष प्रसारण भएको एक सम्बोधनमा आफ्ना समर्थकलाई ‘जनवरी १ मा लुलाले राष्ट्रपतिको कार्यभार सम्हाल्दा संसारको अन्त्य हुने छैन’ भन्नुभएको थियो ।

उहाँले भन्नुभयो, “हाम्रो भविष्य राम्रो छ । अहिलेलाई युद्ध हारेको जस्तो भएको छ, तर हामी युद्ध हार्ने छैनौं ।”

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कल्याणपुर, सप्तरीको २१ दिने सूचना

मिति : २०७९/०९/१७

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिईहालसम्म कर्जा नबुझाई भाखा नाघी र ब्याज बाँकी भई निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धीत कार्यालयले बारम्बार ताकेता गर्दापनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धी कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखीत मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा बित्तिय संस्था सम्बन्धीत ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था तथा कालो सूचीमा समावेश गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं । साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिनेहरुलाई समेत यैससूचनाद्धारा जानकारी गराइएको छ ।

| क.स. | कर्जाग्राही को नाम थर | ठेगाना | उदेश्य | बुवा/पति/पत्नीको नाम | बाजे/ससुरा | साँवा | ब्याज बांकी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | मो. नइम अक्तर | खडक न.पा. ९, लालपटी | कृषि उत्पादन कर्जा | मजलुम मिया | जन महम्द मिया | २०००००० | २९००० | २०२९००० |
| २ | नन्दीलाल चौधरी | शम्भुनाथ न.पा. ३, नरही | घरायसी कर्जा | रविलाल चौधरी | धनिलाल चौधरी | ३२५००० | २१००० | ३४६००० |
| ३ | सुगा देवी | शम्भुनाथ न.पा. ४, नरहैया | घरायसी कर्जा | रविलाल चौधरी | कुन्जीलाल चौधरी | ६००००० | ४१००० | ६४१००० |
| ४ | नारायण प्रसाद साह | सुरुङगा न.पा. १०, पटेर्वा | घरायसी कर्जा | नथर साह | सिताराम साह | ४००००० | ३५००० | ४३५००० |
| ५ | परनी देवी चौधरी कलवार | खडक न.पा. ५, खोजपुर | व्यपार कर्जा | दुखीलाल चौधरी | अनुपलाल चौधरी | ८००००० | ६५००० | ८६५००० |
| ६ | हजरत मिया | खडक न.पा. ३, बनरझुल्ला | सरल कृषि कर्जा | खातुन कुजर्नी | बरकत मिया | १०००००० | ७९००० | १०७९००० |
| ७ | आकंक्षा मोटरसाइकल वर्कशप(प्रो. कृष्णदेव चौधरी) | खडक न.पा. ९, बर्ज्रहीगुठी | व्यपार कर्जा | सम्झना चौधरी | खुशीलाल चौधरी | ९००००० | ६१००० | ९६१००० |
| ८ | श्रीमती जालो कुजर्नी | खडक न.पा.३, बनरझुल्ला | सरल कृषि कर्जा | मुस्तकीम मिया | विलट मिया | १०००००० | ७९००० | १०७९००० |
| ९ | सकिल जेनरल स्टोर(प्रो. सकिल अह्मद) | खडक न.पा. ७, कल्याणपुर | व्यपार कर्जा | मो. इद्रीस हुसेन | नुराइ मिया | २०००००० | ८१००० | २०८१००० |
| १० | कृष्ण प्रसाद साह | सुरुङगा न.पा. १०, पटेर्वा | सरल कृषि कर्जा | सरिता कुमारी साह | बुधन साह | १०००००० | ७६००० | १०७६००० |
| ११ | चुनचुन चौधरी कलवार | खडक न.पा. ५, खोजपुर | सरल कृषि कर्जा | तनुकलाल चौधरी | विलट चौधरी | ८००००० | ४९००० | ८४९००० |
| १२ | विषमिल्लाह जेनरल स्टोर(प्रो. सफीर अहम मिया) | खडक न.पा. ३, बनरझुल्ला | व्यपार कर्जा | बसिरन खातुन | सुलेमान खातुन | २७००००० | २३०००० | २९३०००० |
| १३ | मन्जु राइस मिल(प्रो. कुमारी मन्जु) | खडक न.पा. ३,रन्जीतपुर | उधोग कर्जा | श्रीपतीलाल चौधरी | सत्य नारायण चौधरी | १७००००० | ६८००० | १७६८००० |
| १४ | जि. दास हार्डवेयर (इन्भुषण दास) | सुरुङगा न.पा. ४, कनकपुर | व्यपार कर्जा | गोर्वद्धन दास तत्मा | रामजी दास | १६००००० | ४०००० | १६४०००० |
| १५ | बर्षा कुमारी | खडक न.पा. ८, विसनपुर | घरायसी कर्जा | नन्दकिसोर यादव | गजेन्द्र राय | ७५०००० | २९००० | ७७९००० |
| १६ | ब्रभेहर्ट एजुकेशनल एकेडेमी प्रा.लि.( | खडक न.पा. ४, करमनीयन | सेवा कर्जा | सुखैर चौधरी | खुशीलाल चौधरी | १३५०००० | ८९००० | १४३९००० |
| १७ | सुर्य नारायण राम | खडक न.पा. ७, कल्याणपुर | कृषि उत्पादन कर्जा | कानन राम | बुदी राम | १५०००० | ९००० | १५९००० |
| १८ | नारायण राउत | शम्भुनाथ न.पा. २, डडराही | घरायसी कर्जा | रविलाल राउत | ननिलाल राउत | ५५०००० | ३५००० | ५८५००० |
| १९ | धर्मदेव चौधरी | सुरुङगा न.पा. १, पिप्रा | घरायसी कर्जा | बजारी चौधरी | मागैन चौधरी | १०००००० | ७३००० | १०७३००० |
| २० | फेकें देवी साह | शम्भुनाथ न.पा. १०, रामपुर जमुवा | सरल कृषि कर्जा | सिन्धीलाल साह | जितन साह | ३५०००० | २२००० | ३७२००० |
| २१ | गुदरकान्त चौधरी | खडक न.पा. ३, कन्चीरा | सरल कृषि कर्जा | जितु चौधरी | तिलक चौधरी | ७००००० | ४२००० | ७४२००० |
| २२ | राजेन्द्र प्रसाद यादव | सुरुङगा न.पा. १०, पटेर्वा | सरल कृषि कर्जा | झवर यादव | नथु यादव | १५०००० | ९००० | १५९००० |
| २३ | पार्वती देवी चौधरी | शम्भुनाथ न.पा. ३, नरही | सरल कृषि कर्जा | महेश प्रसाद चौधरी | महिकर चौधरी | ४५०००० | २९००० | ४७९००० |
| २४ | हरि बहादुर श्रोष्ठ | खडक न.पा. ८, भदैया | सरल कृषि कर्जा | ठकनी देवी श्रेष्ठ | राजेन्द्र श्रेष्ठ | १०००००० | ६५००० | १०६५००० |
| २५ | परमानन्द भगत | शम्भुनाथ न.पा.१०, रामपुर जमुवा | सरल कृषि कर्जा | आसो कुमारी चौधरी | परशुराम भगत | १००००० | ६७००० | १६७००० |
| २६ | कोशिला कुमारी भगत | सुरुङगा न.पा. ५, कुसहा | सरल कृषि कर्जा | विजय कुमार भगत | चन्देश्वर साह | ३००००० | १९००० | ३१९००० |
| २७ | मुक्तीलाल चौधरी | सुरुङगा न.पा. ७, हरिपुर | सरल कृषि कर्जा | खुशीलाल चौधरी | ढोढन चौधरी | १०००००० | ६५००० | १०६५००० |
| २८ | राजोदवी चौधरी | खडक न.पा. ५, रन्जीतपुर | घरायसी कर्जा | खुशीलाल चौधरी | पथरु चैधरी | १५०००० | १२००० | १६२००० |
| २९ | सुर्य नारायण साह | खडक न.पा. ८, मल्हनमा | घरायसी कर्जा | अनुपलाल साह | मुनीलाल साह | १०००००० | ७३००० | १०७३००० |
| ३० | सरस्वती कुमारी ठाकुर | खडक न.पा. ९, बर्ज्रहीगुठी | घरायसी कर्जा | रामनारायण ठाकुर | बासुदेव ठाकुर | १०००००० | ७१००० | १०७१००० |
| ३१ | मिठुलाल चौधरी | सुरुङगा न.पा. २, हर्दिया | सरल कृषि कर्जा | भटाइ चौधरी | पलट चौधरी | १०००००० | ६६००० | १०६६००० |
| ३२ | चन्द्रदेव सिंह | सुरुङगा न.पा. ३, लक्ष्मीपुर | सरल कृषि कर्जा | सुर्य नारायण सिंह | गनौर सिंह | १०००००० | ६८००० | १०६८००० |
| ३३ | श्याम मण्डल | सुरुङगा न.पा.५ कुसहा | घरायसी कर्जा | फेकु मण्डल | बुद मण्डल | ९००००० | ६५००० | ९६५००० |
| ३४ | पशुपती सप्लायर्स(प्रो. उमेश प्रसाद साह) | खडक न.पा. ५, खरचुइया | व्यपार कर्जा | सविता कुमारी साह | विन्देश्वर प्रसाद साह | ४०००००० | ४०४००० | ४४०४००० |
| ३५ | उमा प्रसाद चौधरी | सुरुङगा न.पा. ५,कुसहा | घरायसी कर्जा | ढकाइ चौधरी | भवी चौधरी | २०००००० | १०४००० | २१०४००० |
| ३६ | मसीलाल चौधरी | सुरुङगा न.पा. ७, पोखरीया | सरल कृषि कर्जा | विलट चौधरी | रौदी चौधरी | ६००००० | २५००० | ६२५००० |
| ३७ | रामानन्द यादव | सुरुङगा न.पा. ५, कुसहा | घरनिर्माण कर्जा | रामवृक्ष यादव | मिश्रीलाल यादव | २५००००० | ९३००० | २५९३००० |
| ३८ | ग्रीन वेली किचन(प्रो.रोहनीकान्त चौधरी) | खडक न.पा. ८, विसनपुर | सेवा कर्जा | मिश्रीलाल चौध्री | सम्मतलाल चौधरी | २३००००० | ९५००० | २३९५००० |

**कृषि विकास बैंक लि.**
**शाखा कार्यालय, कल्याणपुर, सप्तरी**

# राहदानी तथा राष्ट्रिय परिचयपत्र वितरणलाई सहज बनाउन पहल सुरु

काठमाडौँ, १६ पुस (रासस)।

सेवाग्राहीको निरन्तर गुनासो आएपछि गृह मन्त्रालयले राहदानी तथा राष्ट्रिय परिचयपत्र वितरणलाई थप सहज बनाउन पहल अगाडि बढाएको छ। सेवाग्राहीले घण्टौँ लाइन बस्नुपर्ने, अनलाइन फारम भर्न समस्या तथा प्रक्रिया झन्झटिलो हुनेबारेमा आएका गुनासालाई सकेसम्म समाधान गर्ने प्रयास भइरहेको गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले जानकारी दिनुभयो। उहाँका अनुसार सूचना प्रविधिमा ज्ञान भएका व्यक्तिको टोलीबाट सुझाव लिने काम भइरहेको छ।

टोलीको सुझावका आधारमा समस्याको समाधानतर्फ लाग्ने प्रवक्ता पोखरेलको भनाइ छ। गृहमन्त्री रवि लामिछानेले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि राहदानी, राष्ट्रिय परिचयपत्रलगायतलाई सहज बनाउने र लाइन बस्नुपर्ने बाध्यता हटाउने प्रतिबद्धता जनाउनुभएको थियो।

विद्युतीय राहदानी बनाउन धेरैजसो प्रक्रिया अनलाइनबाटै गर्नुपर्छ, तर अनलाइनबाट आवेदन दिएर तोकिएको मितिमा कार्यालयमा उपस्थित हुँदा पनि नागरिकलाई रातीको १२ बजेदेखि लाइन लाग्नुपर्ने बाध्यता रहेको सेवाग्राहीको गुनासो छ।

# भ्रष्टाचार नियन्त्रणको माग

काठमाडौँ, १६ पुस (रासस)।

सुशासनको अभाव र भ्रष्टाचारले मुलुकको विकासमा अवरोध गरी लोकतन्त्रलाई सबल बन्न नदिएकाले भ्रष्टाचार नियन्त्रण गरिनुपर्नेमा जोड दिइएको छ।

ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआइ) नेपाल र यस संस्थासँग आबद्ध मुलुकभरका संस्थाको भेलाले नवगठित सरकारसँग भ्रष्टाचार नियन्त्रणको काम गर्न ध्यानाकर्षण गराएको छ। हालै सम्पन्न आम निर्वाचनमा भ्रष्टाचार विरोधी जनभावना सशक्तरूपमा जाहेर भएको र निर्वाचनपछि गठित नयाँ सरकारले भ्रष्टाचार नियन्त्रण एवं सदाचार प्रवर्द्धनका निम्ति कार्य गर्नुपर्ने टिआइ नेपालका अध्यक्ष पद्मिनी प्रधानाङ्गले शुक्रबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

सरकारले देश र जनताको अपेक्षानुरुप भ्रष्टाचार नियन्त्रण तथा सदाचार प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखी सशक्त एवं प्रभावकारीरूपमा, स्पष्ट परिणाम देखिने गरी कार्य गरोस् भनी टिआइ नेपाल र सोसँग आबद्ध संस्थाको भेलाले माग गरेको पनि उहाँले राससलाई जानकारी दिनुभयो।

भेलामा महिला जागरण सङ्घ इलाम, नागरिक सरोकार मञ्च मोरङ, सङ्कल्प समुदायमा आधारित पुनःस्थापना नेपाल सुनसरी, मानव अधिकार र वातावरण विकास केन्द्र नेपाल उदयपुर, मानव अधिकार सचेतन तथा विकास केन्द्र दोलखा, भ्रष्टाचारविरुद्ध अभियान चितवनको कार्यक्रममा सहभागिता थियो।

यसैगरी सुशासनका लागि नागरिक समाज पोखरा, पारदर्शी नेपाल सिद्धार्थनगर रुपन्देही, पारदर्शी सरोकार समूह बुटवल, सुशासन अभियान गुल्मी, बागेश्वरी असल शासन क्लब नेपालगञ्ज, नागरिक सरोकार सङ्घ सुर्खेत, सदाचारका लागि सामाजिक पहल धनगढी, समाज कल्याण समाज दार्चुलाका प्रतिनिधिको भेलामा सहभागिता रहेको अध्यक्ष प्रधानाङ्गले बताउनुभयो।

# पाण्डेको शव नेपाल ल्याउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, १६ पुस (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कम्बोडियाको एक क्यासिनोमा आगलागीका कारण मृत्यु भएका झापाको बिर्तामोड नगरपालिका-१ का निराकर पाण्डेको शव नेपाल ल्याउन सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री दाहालले मुख्यसचिव शङ्करदास बैरागीलाई पाण्डेको शव नेपाल ल्याउन शीघ्र सहजीकरणका लागि सम्बन्धित निकायलाई परिचालन गर्न निर्देशन दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। कम्बोडियाको एक क्यासिनोमा भीषण आगलागी हुँदा पाण्डेसहित १९ जनाको ज्यान गएको थियो।

प्रधानमन्त्री दाहालले सो घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। उहाँले निधन भएका पाण्डेका परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्नुभएको छ।

# काम गर्न पदमा आएको हुँ : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाडौँ, १६ पुस (रासस)।

उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले आफू शक्ति र पैसाका लागि नभई काम गर्नका लागि पदमा आएको बताउनुभएको छ।

मेयरसिंह जौवारी प्रतिष्ठानले आयोजना गरेको 'बधाई तथा शुभकामना' कार्यक्रममा उहाँले आफू पद र शक्तिका लागि भन्दा पनि देश सेवाभावले केही गर्नुपर्छ भन्ने आफ्नो सोच रहेको बताउनुभयो।

उहाँले आफूसँग अरु कुनै चलअचल सम्पत्ति तथा एक कित्ता शेयर पनि नरहेको बताउनुभयो। "राष्ट्रियसभा सदस्य भएकाले त्यहीँ एउटा राष्ट्रियसभाले खोलिदिएको बैंक खाता छ, अरु कुनै बैंक खातामा एक रुपैयाँ पनि छैन", उहाँले भन्नुभयो, "न घर छ, न जग्गा छ, भएको पैतृक सम्पत्ति पनि बेचेर ऋणपान तिरेँ, बाँकी रहेको पैसा पार्टीकै लागि दिएको छु।"

आफूलाई यहाँसम्म आइपुग्न प्रतिष्ठान र आफ्ना नातेदारको भूमिका पनि महत्वपूर्ण रहेको उहाँले बताउनुभयो। "तपाईंहरूले मलाई कुनै अनावश्यक काम गर्न दबाब दिनु भएन। तपाईंहरूको हौसला मेरा लागि सधैँ प्रेरणा बन्यो", उहाँले भन्नुभयो, "ऐन, नियमविपरीत तपाईंहरूले मलाई काम गर्न कुनै दबाब दिनु भएन र त, म अहिले यहाँ छु।"

कार्यक्रममा प्रतिष्ठानका सचिवसमेत रहनुभएका मनोबाबु श्रेष्ठले माओवादी शान्ति प्रक्रियामा आउँदादेखि हालसम्म पनि नेता श्रेष्ठको भूमिका सधैँ केन्द्रमा रहेको बताउनुभयो। उहाँले मन्त्री श्रेष्ठको काम गराइले अहिलेको सरकार पनि जनमुखी हुने विश्वास व्यक्त गर्नुभयो।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ।

- सावधानीपूर्वक सवारी साधन चलाऔं।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*